# मंगला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी

गण्डकी प्रदेश, नेपाल


पत्र संख्या :- ०८०/८१

चलानी नं :- 9680

मितिः२०८१/०२/२४

श्री वडा कार्यालयहरु सबै

मंगला गाउँपालिका, म्याग्दी ।

विषय : बस्ती एवं टोल स्तरबाट आयोजना छनौट गर्नु हुन ।

प्रस्तुत विषयको सम्बन्धमा आगामी आ. व. ०८१।०८२ को बजेट निर्माणको प्रकृया भईरहेको व्यहोरा अवगत भएकै होला । सो सम्बन्धमा आ. व. ०८१।८२ को बजेट निर्माणको लागि महिला, दलित, जनजाति, पिछडिएको क्षेत्र, अपांगता भएका व्यक्तिहरु, बालबालिका र टोल विकास संस्था समेतको सहभागितामा स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७८ बमोजिम तपशिलका प्राथमिकताहरु सहित बस्ती र टोल स्तरबाट आयोजना छनौट कार्य गर्नु हुन अनुरोध छ ।

<u>प्राथमिकताहरु:</u>

क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने ।

ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।

ग) जनताको जिवनस्तर, आम्दानी र रोजगारी बढ्ने ।

घ) स्थानीय सहभागिता जुट्ने,स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सिपको अधिकतम प्रयोग हुने ।

ङ) सार्वजनिक खर्चमा मितव्ययिता हुने तथा पूजिँगत खर्च वृद्धि गर्ने र गुणस्तरीय पुर्वाधार निर्माण हुने ।

च) महिला,बालबालिका तथा पिछडिएको क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने ।

छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने ।

ज) दिगो विकास वातावरणीय संरक्षण तथा सम्बर्धन गर्न सघाउ पुग्ने ।

झ) भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धि सघाउ पुग्ने ।

<u>आयोजना तर्जुमा ध्यान दिनु पर्ने विषयहरु:</u>

क) संघ र प्रदेश सरकारको निति,लक्ष्य,उद्देश्य,समय सीमा र प्रकृयासँग अनुकुल हुने ।

ख) आवधिक विकास योजना,मध्यमकालीन खर्चसंरचना अनुसार प्राथमिकताका विषयहरु ।

ग) आयोजना छनौट गर्दा अनिवार्य रुपमा बालबालिकाको सहभागिता गराउने ।

शिवकुमार पौडेल
प्रमुख प्रशासकीय अधिकृत

घ) वातावरण संरक्षण, जलवायु परिवर्तन, अनुकुल र विपद व्यवस्थापन ।

ङ) सुशासन,लैङ्गिक तथा सामाजिक समावेशीकरण लक्षित वर्गको सशक्तिकरण गर्ने जस्ता विकासका अन्तरसम्बन्धित विषयहरु ।

च) समाजका सबै वर्ग,क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने विषयहरु ।

छ) अन्तर स्थानीय तहको योजना कार्यान्वयमा सघाउ पुग्ने विषयहरु ।

ज) अतिआवश्यक देखेका अन्य विषयहरु ।

झ) विषयगत क्षेत्र छुट्याउने:- निम्न अनुसार विषयगत क्षेत्र तोकी आयोजना छनौट गर्नु पर्ने ।

- **आर्थिक विकास:** यस क्षेत्र अन्तर्गत कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय जस्ता क्षेत्र समावेश गर्ने ।
- **सामाजिक विकास:** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रबद्र्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम,थारु, अल्पसंख्यक आदि) जस्ता क्षेत्र समावेश गर्ने ।
- **पूर्वाधार विकास:** सडक तथा पुल (झोलङ्गे पुल समेत), सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार जस्ता क्षेत्र समावेश गर्ने ।
- **वन, वातावरण तथा विपद् ब्यबस्थापन:** वन तथा भू-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण विपद् व्यवस्थापन, वारुणयन्त्र सञ्चालन जस्ता क्षेत्र समावेश गर्ने ।
- **सुशासन तथा संस्थागत विकास:** मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा बिद्युतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तरनिकाय समन्वय जस्ता क्षेत्र समावेश गर्ने ।

२०८०।१२।२८

शिवकुमार पौडेल

प्रमुख प्रशासकीय अधिकृत